नेपाल सरकार

# आपूर्ति मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल

# प्रेस विज्ञप्ति

बजारमा मूल्यवृद्धि, कालाबजारी र म्याद नाघेका वस्तुहरू बिक्री भई आम उपभोक्ताहरु मारमा परेको यथार्थतालाई आत्मसात् गर्दै हिजो मिति २०७३/०४/३१ देखि बजार अनुगमनलाई व्यापक बनाइएको छ। हिजो र आज सम्पन्न अनुगमनको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः-

| मिति | व्यवसायीको नाम | देखिएको कैफियत | कारबाहीको व्यहोरा |
|---|---|---|---|
| २०७३/०४/३१ (मन्त्रालयबाट) | भाटभटेनी सुपर मार्केटको गोदाम गैह्रीधारा | (क) चनाको दालमा अधिक मूल्य कायम गरेको। (ख) अधिकतम् खुद्रा मूल्य लेख्नुपर्नेमा नलेखिएको। (ग) हातले बिजक जारी गरेको। | (क) १५ वटा विभिन्न वस्तुको नमूना संकलन गरिएको। (ख) शंकास्पद बिजकहरु र कागजात नियन्त्रणमा लिइएको। (ग) ७ दिनभित्र उपस्थित हुन सूचना दिइएको। |
| | बिग मार्ट शान्तिनगर | (क) म्याद नाघेको वस्तु बिक्री भएको। (ख) मूल्य वृद्धि गरेको हुन सक्ने बिजकहरु भेटिएको। | (क) म्याद नाघेको वस्तु जफतका लागि विभागलाई लेखिएको। (ख) बिजकहरु लिई विभागमा उपस्थित हुन अनुरोध गरिएको। |
| | बिग मार्ट (कालो पुलको गोदाम) | (क) म्याद नाघेको वस्तु भेटिएको। (ख) थुप्रै कैफियत देखिई शिलबन्दी गर्नुपर्ने अवस्था रहेको। | (क) म्याद नाघेको वस्तु जफतका लागि विभागलाई पठाइएको। (ख) शिलबन्दी गरिएको। |
| | के. के. मार्ट, नयाँ बानेश्वर, लगनखेल, मङ्गलबजार | (क) म्याद नाघेको वस्तु भेटिएको। | (क) म्याद नाघेको वस्तु जफत गरिएको। |

नेपाल सरकार

# आपूर्ति मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल

| मिति | व्यवसायीको नाम | देखिएको कैफियत | कारबाहीको व्यहोरा |
|---|---|---|---|
| २०७३/०४/३२ (मन्त्रालयबाट) | बिग मार्ट, कालोपुल | (क) हिजो लगाएको शिल व्यवसायीले तोडेको भेटिएको। | (क) मुचुल्का उठाई प्रहरीद्वारा व्यवसायीलाई नियन्त्रणमा लिइएको र विभागलाई कारबाहीका लागि सिफारिश गरिएको। |
| | बिग मार्ट, लाजिम्पाट | (क) म्याद नाघेका वस्तु भेटिएको। | (क) म्याद नाघेका वस्तुहरु १२ कार्टुन जफत गरिएको।<br>(ख) प्याकिङ्ग गरिएका Local Product मा Label राख्न निर्देशन दिइएको। |
| | भाटभटेनी सुपरमार्केटको गोदाम, गैह्रीधारा | (क) बीस प्रतिशतभन्दा बढी बिक्री मूल्य कायम भएको आशङ्का। | (क) शंकास्पद कागजात नियन्त्रणमा लिइएको। |
| | भाटभटेनी फुड प्रोडक्ट्स प्रा.लि., बौद्ध | (क) म्याद नाघेका वस्तुहरु भेटिएको। | (क) शंकास्पद कागजात नियन्त्रणमा लिइएको।<br>(ख) गोदाममा शिल लगाइएको। |

## आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागबाट गरिएको अनुगमन
मिति: २०७३/४/३२

जम्मा: ११ टोली परिचालन भएको
क्षेत्र: स्टक सुपरमार्केट, मिठाई, माछा मासु, खाद्य किराना, फार्मेसी तथा पोलीक्लिनिक, पेट्रोलियम पदार्थ, दूध डेरी, फलफूल, तरकारी, लज, रेष्टुरेण्ट तथा खाजा घर, यातायात र खानेपानी ।

जम्मा अनुगमन संख्या : ५५
बन्द गरिएको: ७

**(क) औषधि तथा पोलिक्लिनिक: जम्मा अनुगमन ११ (२ र ९):**

बन्द ३ मध्ये: पोलीक्लिनीक २ र फार्मेसी १

नेपाल सरकार

# आपूर्ति मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल

- ज्ञान गंगा फार्मेसी सिनामंगल: नविकरण नभएको ।
- एम.भी.पोलिक्लिनिक एण्ड डाईग्नोष्टीक सेन्टर, सिनामंगल: २ वर्ष भन्दा बढी नविकरण नभएको
- सिनामंगल हेल्थकेयर एण्ड डाईग्नोसिस सेन्टर प्रा.लि: ८ महिनादेखि नविकरण नभएको ।

अन्य: बिक्री बील र दैनिक रेकर्ड अद्यावधिक गर्न निर्देशन

KMC फार्मेसीमा : MRP मेटेको (Bath Towels मा)

**(ख) माछा मासु: २**

- चिकेन हाउस सोह्रखुट्टे: अत्याधिक फोहर फ्रिजमा रहेको १८३ के.जी. कुखुराको मासु खान अयोग्य भएकोले नष्ट गरिएको, सेतो प्लाष्टिकको मापदण्ड अनुसारको झोला मात्र प्रयोग गर्न, मिति सहितको मुल्य सूचि राख्न निर्देशन दिईएको ।

**(ग) पेट्रोलियम पदार्थ: ७**

- न्यू महेश्वरी फ्युल स्टेशन, भक्तपुरको डिजेल डिस्पेन्सर पम्प थान १ मिडको अनलकको मर्मतको लागि सिल काटिएको सो मर्मत नभएको कारण नोजल बन्द गरिएको ।

**(घ) दूग्ध पदार्थ: १**

- सिताराम गोकुल मिल्स, किर्तिपुर: विगतका आन्तरिक रिपोर्टहरुमा केही कोलिफर्म देखिएकोले कोलिफर्म रहित दूध मात्र बजारमा पठाउने व्यवस्था गर्ने, १ लि.दूध नमूना संकलन गरियो ।

**(ङ) खाद्य किराना: १०**

- ३० केजी मिक्स दाल र ३७ पाकेट (२९० ग्राम)पास्ता किरा लागेको खान नहुने अवस्था भएकोले जफत गरिएको ।

**(च)रेष्टुरेण्ट, क्याण्टीन, खाजाघर: ६**

ललितपुर क्षेत्रको सुमेरु अस्पताल, बि एण्ड बि अस्पताल, क्यान्सर अस्पताल

नेपाल सरकार

# आपूर्ति मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल

**(छ) मिठाई: २**

- शिव शंकर स्वीट्स, न्यूरोड: म:म बनाउने ठाउँ फोहोर भएकोले बन्द गरिएको, किचन सफा गर्ने ।
- खुवा र चमचम मिठाई नमुना लिईयो ।

(ज)यातायात: २१ वटा भाडाका सवारी साधन चेक गर्दा १७ वटा सवारी साधनले यात्रीहरुसँग बढी भाडा लिएकोमा तत्कालै फिर्ता गर्न लगाईयो । ४ वटा बस तथा माईको बसहरुलाई बढी भाडा लिए वापत यातायात विभाग र ट्राफिक प्रहरीको सहयोगमा रसिद काटी चालक अनुमति पत्र तथा सवारी दर्ता प्रमाणपत्र जिम्मा लगाई कारबाही गरियो ।

(झ) स्टक तथा डिपार्टमेन्टल स्टोर: २

- बिगमार्ट, कालोपुलमा हिजो लगाईएको शिल तोडिएकोले पुन: शिल गरियो ।
- मेघा मार्ट, लाजिम्पाट: रु. ७६,२२१ बराबरको ७९९ प्याकेट म्याद नाघेको सामान जफत गरियो ।

**(ञ) पानी: ५  बुढानीलकण्ठ क्षेत्र:**

- ग्रीनवेरी मिनरल वाटर ईण्डष्ट्रिजले नर्मस विपरित बाहिर ल्याई पानी भरेको, अनुज्ञा पत्र नलिएको, २ जार नुमना लिई उद्योग बन्द गरियो ।
- प्राची स्प्रींग वाटर सोलुसन : नेकशिल नलगाएको, नमुना लिई उद्योग बन्द गरियो ।
- बुढानिलकण्ठ मिनरल वाटर ईण्डष्ट्रिज: बजारमा शिल नभएको जार भेटियो । नमुना लिई उद्योगमा शिल गरियो ।
- धमला स्टोर: ३७ जार शिल नभएको जार विकि वितरण नगर्न आदेश, २ जार नमुना लिईयो ।
- समर्पित स्टोर: १७ जार शिल नभएको, नमुना लिई विकी वितरण नगर्न आदेश ।

**(ट)  फलफूल, विजन : ७**

- नापतौल प्रमाणित नभएको
- विषादिको लेवल नभएको, आयातीत  सामानमा एमआरपी नभएको

नेपाल सरकार
आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

- म्याद नाघेका विगाना १४ पाकेट, भिटामिन ५ बोटल र मिक्सींग ९ पाकेट नष्ट गरियो ।

## मिति २०७३/०४/३२ मा नेपाल गुणस्तर तथा नापतौल विभागको संयोजकत्वमा भएको अनुगमन

| मिति | व्यवसायीको नाम | देखिएको कैफियत | कारबाहीको व्यहोरा |
|---|---|---|---|
| २०७३/०४/३२ | न्यू महेश्वरी फ्युल स्टेशन, चित्तपोल-१, भक्तपुर | (ख) चालु भएका मेशिन मापदण्ड अनुरूप भएको तथा १ थान डिजल पम्प मर्मतका लागि शिल काटिएको अवस्थामा रहेको। | (ख) मर्मत नगरेको १ थान डिजल पम्पको नोजलमा शिल लगाई बन्द गरिएको। (ग) तोकिएको समयमा मर्मत नगरेकोले स्पष्टिकरण सहित कार्यालयमा तीन दिनभित्र उपस्थित हुन निर्देशन दिइएको। |
| | अरनिको पेट्रोल सेन्टर, कौशलटार, भक्तपुर | (क) मापदण्ड अनुरूप भएको। | |
| | सिद्धार्थ फ्यूल सेन्टर, लोकन्थली, भक्तपुर | (क) मापदण्ड अनुरूप भएको। | |
| | महेश्वरी आयल स्टोर, सूर्यविनायक, भक्तपुर | (क) मापदण्ड अनुरूप भएको। | |
| | महाकाली आयल स्टोर, सृजनानगर, भक्तपुर | (क) मापदण्ड अनुरूप भएको। | |
| | गुहेश्वरी फ्यूल स्टेशन, मध्यपुर ठिमी-११, भक्तपुर | (क) मापदण्ड अनुरूप भएको। | |
| | अजिमा आयल स्टोर, निकोसेरा-३, भक्तपुर | (क) मापदण्ड अनुरूप भएको। | |

दिनाङ्क: २०७३ साल श्रावण ३२ गते
सिंहदरबार, काठमाडौं ।

आनन्दराम रेग्मी
सह-सचिव/प्रवक्ता